बाग्लुङ जिल्लाको खर्वाङमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक बाख्रापालन तालिम सम्पन्न




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड बाग्लुङ खर्वाङ शाखाले ३ दिने बाख्रापालन तालीम आयोजना गरेको छ । संस्थाले गुल्मी जिल्लाको मुसीकोट नगरपालिका र बाग्लुङ जिल्लाको बडीगाड गाउपालिका तथा गल्कोट नगरपालिकामा आबद्ध करीब ३० जना ग्राहक सदस्यलाई यही फागुन १५ गते देखी १७ गते सम्म ३ दिने बाख्रापालन तालीम आयोजना गरेको हो ।

सो तालीमका प्रमुख अतिथि बाग्लुङ बडीगाड गाउपालिकाका अध्क्षय मेयर सिहं पाइजाले समुदघाटन गर्नुभयो । समुद्घाटन कार्यक्रममा अध्क्षय मेयर सिहं पाइजाले निर्धन उत्थान लघुबित्त बित्तीय सस्थाले आयोजना गरेका तालिममा सहभागी सबैले तालिम पश्चात व्यवसायिक रुपमै बाख्रापालन गरी उद्यमी बन्नु पर्ने भन्दै कृषिबाटै गरीबी निबारण हुनेछ पनि भन्नु भयो । उहाँले ऋणीहरुले कर्जा लिएर सही सदुपयोग गरेर आयमुलक काममा लगाएमा मात्र ऋणीको प्रगती हुने भएकोले उत्पादन नहुने क्षेत्रमा ऋणीको लगानी नगर्न आग्रह गर्दै तालिमको लगानीलाई बालुवामा पानी राखे जस्तो नहोस भन्दै ३ दिनमा सिकेका कुरा व्यवहारमा लागु गर्न प्रोत्साहन गर्नु भएको थियो ।

उक्त तालीमका बिशीष्ट अतिथि निर्धन उत्थान लघुबित्त बित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय पोखराका कार्यक्रम अधिकृत श्री दामोदर पाठकले संस्थाले दिने सेवा सुविधाका बारेमा चर्चा

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

गर्नुका साथै संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत आफ्ना ग्राहकका परिवारमा घातक रोग लागेमा ५ हजार सहयोग गर्ने, ग्राहकका छोरा छोरीमध्ये उत्कृष्ट छात्र छात्रा दुबैलाई ६ हजारका दरले १८१ ओटै शाखामा छात्रबृत्ती प्रदान गर्ने, ग्राहकको र पतिको बिमा लगायत सेवा सुविधाको बारेमा जानकारी गराउनु भएको थियो । अर्का बिशीष्ट अतिथि वार्ड नं. २ का वार्ड अध्यक्ष श्री ढालेन्द्र शेरचनले व्यवसायिक कृषिका लागि यस संस्थासँग सहकार्य गरी अघि बढ्न गाउँपालिकाको दुइ नम्बर वडा तयार रहेको बताउनु भयो ।

उक्त तालिममा सहभागीहरुलाइ यसै संस्था खर्वाङ बागलुङका शाखा प्रमुख टेकराज बस्यालले स्वागत गर्दै संस्थाको शाखाको वस्तु स्थितीको बारेमा जानकारी गराउनु भएको थियो । उक्त तालिम कार्यक्रम यस शाखाका लेखापाल दिपेन्द्र कुमार गैरेले संचालन गर्नुभएको थियो । उक्त तालिममा पशु सेवा कार्यलय मुसिकोट, गुल्मीका शाखा प्रमुख श्री महेन्द्रराज पन्थी र पशु सेवा कार्यलय बडीगाड गाउँपालिका बाग्लुङका शाखा प्रमुख श्री बसन्त गौतमले प्रशिक्षण दिनु भयो ।

बाख्रापालन ब्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातीय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्रा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातीय तथा प्रजातीय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाख्रामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाख्रापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, बाख्रापालनको स्किम आदिका बारेमा तालिममा जानकारी गराइएको थियो ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 